# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

तारखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ

२०७३

# ताराखोला गाउँपालिका
# आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

**सभामा उपस्थित सम्पूर्ण सदस्य ज्यूहरु, प्रमुख अतिथि, आमन्त्रित समाजसेवी, बुद्धिजिवी, राष्ट्रसेवक कर्मचारी, शिक्षक, पत्रकार, सुरक्षा निकायका प्रमुख लगायत उपस्थित सम्पूर्ण महानुभावहरु,**

विभिन्न कालखण्डहरूमा भएका जनआन्दोलन तथा जनयुद्धद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि जारी भएको जनताको इच्छा र अपेक्षा अनुसारको संविधानमा जनताले नै रोजेका जनप्रतिनिधिहरुद्वारा आफ्नै घर आगनमा छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी रूपमा सार्वजनिक सेवा प्राप्त गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिका लागि त्याग र तपस्या सहित आफ्नो ज्यानको बलिदानी दिने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । यस बजेट तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुने सम्पुर्ण महानुभावहरुलाई विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु ।

गाउँपालिका क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोतहरूको समुचित प्रयोग गरी रोजगारी सिर्जना मार्फत गरीबी निवारण गरी आर्थिक, सामाजिक र भौतिक रुपमा समृद्ध ताराखोलाको निर्माण गर्नु नै हाम्रो प्रमुख उद्देश्य हो । जटिल भौगोलिक संरचनाका बीचमा भइरहेका पूर्वाधार निर्माणका कार्यहरूको कारणले वर्षातको समयमा हुने बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना भई सार्वजनिक पूर्वाधार क्षेत्रमा गरीएको लगानीको समुचित प्रतिफल प्राप्त हुन नसक्नु, अव्यवस्थित बसाइसराइका कारण सार्वजनिक क्षेत्रमा गरीएको लगानी को लाभ लिने जनसंख्या घट्दै जानु, दक्ष र सीपयुक्त जनशक्तिलाई पालिका क्षेत्रमा रोजगारी उपलब्ध गराउन नसकिनु जस्ता चुनौतीहरू हाम्रा सामु रहेका छन् । यद्यपि कृषि र पशु पालनलाई व्यवसायिक बनाई, पर्यटन पूर्वाधारको निर्माण गरी, प्राकृतिक स्रोतहरूको समुचित उपयोग गर्दै रोजगारी सृजना गरी गरीबी निवारण तर्फ जोड दिई **"श्रम, सहकारी, पर्यटन,**

कृषि, उद्योग र पुर्वाधार- गुणस्तरीय स्वास्थ्य र शिक्षा एक घर एक रोजगार” भन्ने लक्ष्य लाई पुष्ट्याई गर्नेतर्फ बजेटलाई केन्द्रित गरेको छु ।

**सम्मानित सभाका सभाध्यक्ष एवं सदस्यज्यूहरु,**

चालु आ.व. को बजेट तथा कार्यक्रम कार्यान्वयनमा हालसम्म निम्न बमोजिम वित्तीय प्रगति हासिल गरेको कुरा राख्न चाहन्छु ।

- चालु आर्थिक वर्षमा कुल आय रू ४० करोड ७५ लाख ५४ हजार विनियोजन गरीएको थियो । जसमा पुँजीगत खर्च रु १७ करोड ८७ लाख र चालु खर्च तर्फ सशर्त अनुदान सहित रु २२ करोड ८८ लाख ५४ हजार रहेको थियो भने हालसम्म जम्मा २३ करोड १७ लाख ९२ हजार (५६.८७ प्रतिशत) वित्तीय प्रगति भएको छ ।
- चालु आ.व.मा रू ६६ लाख राजश्व संकलन गर्ने अनुमान गरिएकोमा हाल सम्म रू ७३ लाख ९१ हजार राजश्व संकलन भएको छ ।

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटको प्रमुख उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

१. गाउँपालिकाको गौरवका तथा प्रतिफल दिने आयोजनाहरुमा बजेटलाई प्राथमिकिकरण गर्ने।

२. “अध्यक्ष नवप्रवर्तन साझेदारी कार्यक्रम” मार्फत कृषि, पशु, उद्यमशिलता, सहकारी, रोजगार र पर्यटनलाई विकासको मुख्य केन्द्रमा राख्ने ।

३. शैक्षिक सुधारको लागि प्रविधिमैत्री तथा प्रयोगात्मक ज्ञान मार्फत सिकाई उपलब्धि अभिवृद्धि गर्ने ।

४. उत्पादन र बजारीकरणमा अनुदान कार्यक्रम संचालन गरी सहकारी मार्फत स्थानीय उत्पादनको निर्यात प्रवर्द्धन गर्दै बजार अनुगमनलाई थप प्रभावकारी बनाउने ।

५. खेलकुद विकासको लागि खेल महोत्सव सञ्चालन गर्ने ।

६. सामाजिक न्याय र समावेशीकरणको लागि जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक लगायत सबै किसिमको विभेदको अन्त्यका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. सबै उमेरसमुहका नागरीकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सेवामा सुदृढीकरण गर्ने।

८. शहिद, वेपत्ता, घाईते, अपाङ्गलाई विशेष कार्यक्रम मार्फत सम्बोधन गर्ने ।
९. जनधनको सुरक्षाको लागि विपद् जोखिम न्युनीकरणमा विशेष जोड दिने ।
१०. सेवा क्षेत्रमा सञ्चार, सूचना तथा प्रविधिको अधिकतम उपयोग गर्दै स्थानीय सरकारको सेवा प्रवाहमा पारदर्शिता अभिवृद्धि गर्ने ।

अब म आगामी आर्थिक वर्षको बजेटमा उल्लेखित उद्देश्य परिपूर्ति गर्न बजेटका प्रमुख प्राथमिकताहरु प्रस्तुत गर्दछु।

१. कृषि, पशुपालन, सहकारी, उद्यमशीलता र पर्यटन मार्फत आर्थिक विकास,
२. स्थानीय श्रमशक्तिको उपयोग, रोजगारी, नवप्रवर्तन साझेदारी, उत्पादन र बजारीकरणमा अनुदान,
३. सामाजिक विकास, स्थानीय कला संस्कृतिको संरक्षण र प्रवर्द्धन,
४. गाउँपालिका स्तरका गौरवका आयोजनाको रुपमा सडक, खानेपानी, भवन तथा अन्य पूर्वाधार निर्माण,
५. वन, वातावरण तथा विपद् व्यवस्थापन,
६. सुशासन तथा संस्थागत क्षमता विकास,

**सम्मानित सभाका सभाध्यक्षज्यू,**

अब म आगामी आर्थिक वर्षको कुल बजेट तथा क्षेत्रगत विनियोजन प्रस्तुत गर्न चाहन्छु,

- आगामी आर्थिक वर्षमा नेपाल सरकारबाट सशर्त अनुदान रू १६ करोड ५७ लाख, वित्तीय समानीकरण अनुदान रू ७ करोड ३३ लाख, समपुरक अनुदान रु १ करोड ५० लाख, र राजश्व बाँडफाँडबाट रू ६ करोड ९८ लाख प्राप्त हुने अनुमान रहेको छ ।
- त्यसै गरी गण्डकी प्रदेश सरकारबाट समानिकरण अनुदान रू ८१ लाख २९ हजार, राजश्व बाँडफाँडबाट रू ६८ लाख ०४ हजार, समपुरक अनुदान रु ६० लाख, विशेष अनुदान रु. ४० लाख प्राप्त हुने अनुमान गरिएको छ भने यस आर्थिक वर्षमा रू ३ करोड ९९ लाख ८४ हजार मौज्दात रहने अनुमान रहेको छ ।

- आन्तरिक आयलाई आगामी आर्थिक वर्षमा थप व्यवस्थित गरी कर र राजश्वको दायरा बृद्धि गर्ने योजना अनुसार आगामी आर्थिक वर्षमा आन्तरिक आम्दानी रू ७२ लाख ६० हजार हुने अनुमान रहेको छ।
- उल्लेखित अनुमानको आधारमा आगामी आर्थिक वर्षमा चालुतर्फ रु. २२ करोड ७३ लाख ७० हजार (५५.८९%) र पूँजीगततर्फ रु. १७ करोड ९३ लाख ७७ हजार (४४.११%) गरी कुल आय **रू ४० करोड ६७ लाख ४७ हजार** हुने अनुमान रहेको छ । यसै सन्दर्भमा बजेट कार्यान्वयनमा कार्यकुशलता कायम गरी आर्थिक वर्ष २०८२/०८३ मा पूँजीगत खर्च मार्फत गाउँपालिकाको विकासमा थप टेवा पुग्ने विश्वास लिएको छु ।

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

अब म आगामी आर्थिक वर्षमा गाउँपालिकाले कार्यान्वयन गर्ने प्रमुख कार्यक्रम तथा क्षेत्रगत व्यय अनुमान प्रस्तुत गर्न चाहन्छु,

## १. आर्थिक विकास

- गाउँपालिकाले आगामी आर्थिक वर्षमा आन्तरिक उत्पादन र रोजगारी अभिवृद्धिको लागि स्थानीय उत्पादनमा आधारित खाद्यान्न उद्योग स्थापना, किवी जुस उद्योगलाई स्तरोन्नती, अल्लो तथा निगालोजन्य उत्पादन तथा प्रोत्साहन, बजारीकरण, उद्यमी प्रोत्साहन, कोशेली घर व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि लघु उद्यम तथा वाणिज्य क्षेत्रको लागि सशर्त अनुदान सहित रु. ४४ लाख ८५ हजार बजेट विनियोजन गरेको छु ।
- उत्पादन प्रवर्द्धनको लागि कृषक र कृषि समुहमार्फत विभिन्न विउ, विजन वितरण, रैथाने बालीको प्रवर्द्धन, मौरी तथा तेलहन वालीको प्रवर्द्धन, रोग तथा किरा नियन्त्रण, यन्त्रिकरण लगायतका विभिन्न कार्यक्रमका लागि संघीय सशर्त अनुदान सहित रु. ३६ लाख बजेट विनियोजन गरेको छु ।
- सबै वडामा पशुसेवा प्राबिधिकको व्यबस्थापनलाई निरन्तरता दिदै पशु-पंक्षी औषधी निःशुल्क वितरणको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

- पशु विकास कार्यक्रम अन्तर्गत पशुपन्छीजन्य उत्पादन, उन्नत जातका बाख्रा वितरण, हल गोरु प्रोत्साहन, पशु स्वास्थ्य शिविर लगायतका कार्यक्रमको लागि संघीय सशर्त अनुदान सहित जम्मा रु. ३६ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकामा पर्यटन विकासको लागि नमुना पर्यटकीय गाउँ निर्माण तथा पर्यटन पूर्वाधार साझेदारी कार्यक्रम मार्फत आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- सहकारी मार्फत कृषिजन्य उत्पादनको बजारीकरण गर्न आवश्यक तालिम तथा अभिमुखीकरणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

समग्रमा, आर्थिक विकासको लघु उद्यम तथा वाणिज्य तर्फ ४४ लाख ८५ हजार, कृषि तर्फ ३६ लाख पशु तर्फ ३६ लाख ५० हजार, पर्यटन र सहकारी तर्फ ३१ लाख गरी सशर्त अनुदान सहित कुल रु. १ करोड ४८ लाख ३५ हजार बजेटको ब्यवस्था मिलाएको छु ।

## <u>२. सामाजिक विकास</u>

- शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्थानीय भाषाको अध्ययन तथा अध्यापनको लागि रु. ८ लाख ६० हजार, आधारभूत तहको स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाईको लागि रु. ८ लाख बजेट सहित थप कार्यक्रममा रु. ४० लाख ४० हजार बजेट विनियोजन गरेको छु ।
- विद्यार्थीलाई सूचना प्रविधि ज्ञान र सीप विकासमा अभ्यस्त बनाउको निम्ति प्रविधि मैत्री विद्यालय सुधार कार्यक्रम अन्तर्गत रु. १ करोड ५ लाख बजेट विनियोजन गरेको छु ।
- बाल बिकास केन्द्रका सहजकर्ता, विद्यालय करार कर्मचारी र कार्यालय सहयोगीहरुको थप पारिश्रमिकका लागी सशर्त अनुदान सहित रु १ करोड ७८ लाख बजेट बिनियोजन गरेको छु ।
- गाउँपालिकामा निःशुल्क स्वास्थ्य सेवा, नेपाल सरकारले तोके अनुसारका औषधी वितरण र एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन आवश्यक रकम विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई मोवाइल रिचार्ज खर्च, जीवन बीमा तथा मासिक वैठक भत्ता लगायत अन्य सुविधाहरुको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- स्वास्थ्य सुधारको लागि विभिन्न कार्यक्रमहरुमा रु. ३५ लाख १२ हजार बजेट विनियोजन गरेको छु ।
- स्थानीय श्रमशक्तिलाई विकासको हरेक क्षेत्रमा परिचालनको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका स्तरीय खेलकुद विकास तथा ताराखोला महोत्सव सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्र रहेका युवाहरुलाई रोजगारमा आबद्ध गराउन अध्यक्ष रोजगार कार्यक्रमको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।
- योजनाबद्ध विकास र प्रभावकारी स्रोत व्यवस्थापन गर्न योजना बैंक मार्फत रु १६ लाख विनियोजन गरेको छु ।
- खेलकुद मार्फत सामाजिक एकता र सद्भाव बढाउन अध्यक्ष कप खेलकुद तथा ताराखोला महोत्सव सञ्चालनको लागि रु १५ लाख विनियोजन गरेको छु ।
- उत्पादन र व्यवसायका नयाँ क्षेत्रको विकासका लागि अध्यक्ष नवप्रर्वतन साझेदारी कार्यक्रम अन्तर्गत रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- महिला सशक्तिकरण कार्यक्रम, जेष्ठ नागरीक सम्मान, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु का लागि विशेष कार्यक्रम साथै बालमैत्री स्थानीय शासन प्रर्वद्धनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अन्तर्गत विभिन्न कार्यक्रम संचालनको लागि सशर्त अनुदान सहित रु. ३२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- गरिब तथा विपन्न दलित परिवार उत्थान कार्यक्रम अन्तर्गतको विशेष कार्यक्रममा ४० लाख विनियोजन गरिएको छ ।
- स्थानीय संचार माध्यम, पत्र पत्रिका र टि.भि. च्यानल तथा क्षमता विकास कार्यक्रमको लागि रु. १३ लाख बजेट विनियोजन गरेको छु ।

समग्रमा, सामाजिक विकासको शिक्षा तर्फ १४ करोड ७७ लाख १० हजार, स्वास्थ्य तर्फ २ करोड ९७ लाख १२ हजार, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ विशेष अनुदान सहित ७२ लाख ५० हजार, राष्ट्रिय रोजगार कार्यक्रम

तर्फ ५६ लाख, युवा तथा खेलकुद तर्फ ४४ लाख, खानेपानी तथा सरसफाई तर्फ १७ लाख १० हजार, र अन्य २० लाख गरी सामाजिक विकास क्षेत्रमा सशर्त अनुदान सहित कुल रु. १९ करोड ८३ लाख ८२ हजार बजेट विनियोजन गरेको छु ।

<u>३. पूर्वाधार विकास</u>

- दलामचौर मोटरेबल पुल निर्माणको लागि रु. ३ करोड ३७ लाख, वडा नं. ३ र वडा नं. ५ को प्रशासनिक भवन निर्माणको लागि प्रदेश सरकारको साझेदारी रहने गरी समेत आवश्यक बजेट विनियोजन गरेको छु ।
- दोगाडी रानीवास पलिम हुदैं म्याग्दी जोड्ने मोटर बाटो निर्माणको संघीय समपुरक अनुदान साझेदारी सहित रु १ करोड ५६ लाख विनियोजन गरेको छु ।
- अर्गल स्वास्थ्य चौकी निर्माणको लागि प्रदेश सरकारसँगको समपुरक साझेदारी सहित १ करोड २० लाख विनियोजन गरेको छु ।
- मुख्य सडक शहिद मार्ग अन्तर्गत भातखानेडाँडा पुवाधुने खोला सिले सडक खण्डको कालोपत्रेको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

  गाउँपालिका भित्रका महत्वपूर्ण सडक, पदमार्ग, सिचाई आयोजना तथा भवन लगायतका भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मतको लागि समग्रमा पूर्वाधार विकास तर्फ कुल रु.११ करोड ५५ लाख ५१ हजार बजेटको व्यवस्था गरेको छु ।

<u>४. वन, वातावरण तथा विपद् व्यवस्थापन</u>

- गाउँपालिका क्षेत्र भित्र अत्यावश्यक सिचाई पोखरी निर्माण, फोहोर मैला तथा ढल व्यवस्थापन साथै बाढी पहिरो व्यवस्थापन लगायतका आयोजनाको लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।
- मौसम पूर्वानुमान मापनको लागि मौसम सुचना व्यवस्थापन प्रणाली तथा चट्याङबाट हुने मानवीय तथा जनधनको क्षतिको न्यूनीकरणकोलागि लाईटेनिङ अरेस्टर जडान गरिनेछ ।
- विपद व्यवस्थापन कोषको लागी रु. २० लाख सहित वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल बजेट रु ३० लाख ५० हजार बजेटको ब्यवस्था गरेको छु ।

## ५. सुशासन तथा संस्थागत क्षमता विकास

- टोल विकास संस्थाहरुलाइ परिचालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- जनयुद्ध जनआन्दोलनका सहिद घाईते तथा वेपत्ता योद्धाहरुको सम्मान तथा जीवनी प्रकाशनको लागि बजेट व्यवस्था गरेको छु ।
- अध्यक्ष नवप्रवर्तन कार्यक्रममा १५ लाख विनियोजन गरेको छु ।
- अति विपन्न दलित परिवारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।
- संघ, प्रदेश र अन्तर स्थानीय तहका योजना साझेदारी कार्यको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- पर्यटन विकासको लागि गाउँपालिकामा होमस्टे सुधार तथा पाहुना घर व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- जनप्रतिनिधि र कर्मचारीको अध्ययन तालिम तथा गाउँपालिका कार्यालयहरुमा फर्निचर व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

समग्रमा, सुशासन तथा संस्थागत क्षमता विकासको लागि रु. १ करोड ३२ लाख ६० हजार बजेट विनियोजन गरेको छु । गाउँपालिकाको प्रशासनिक खर्चको लागि रु ६ करोड १६ लाख ७० हजार रकम विनियोजन विनियोजन गरेको छु ।

**सम्मानित सभाका सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्षमा उल्लेखित वजेटको कार्यान्वयनबाट आर्थिक, सामाजिक, पूर्वाधार, सांस्कृतिक, सुशासन लगायतका क्षेत्रहरुमा उल्लेखनीय रुपमा प्रगती हुने अपेक्षा गरेको छु। विनियोजन विधेयक र आर्थिक विधेयकको मस्यौदा छलफलको लागि सम्मानित सभामा यसै साथ संलग्न गरेको छु । धन्यवाद !

मितिः २०८२ असार ९ गते सोमबार रोज २ शुभम !!

भिम बहादुर रोका
उपाध्यक्ष
ताराखोला गाउँपालिका